टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

मिति: २०८१।१२।२९

**आधारभुत तह (कक्षा ५) परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी सूचना !**

प्रस्तुत विषय सम्बन्धमा टीकापुर नगरपालिकाको आधारभुत तह (कक्षा ५) को परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१।१२।२९ गते बसेको वैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८१ को आधारभुत तह (कक्षा ५) परीक्षाको परीक्षाफल प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। विद्यालयहरुले सो परीक्षाफल तपसिल बमोजिम प्राप्त गरि विद्यार्थीहरु एवम् अभिभावकहरुलाई जानकारीका लागि सार्वजनिक गर्नु गराउनुहुन अनुरोध छ।

परीक्षाफलको संक्षिप्त व्यहोरा

| क्रमसंख्या | विवरण | नियमित तर्फ | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा आवेदन फाराम भर्ने परीक्षार्थी संख्या | २०३३ | |
| २ | सबै विषयमा अनुपस्थित परीक्षार्थी संख्या | ५ | |
| ३ | सबै विषयमा ग्रेड प्राप्त गर्ने परीक्षार्थी संख्या | १८३५ | |
| ४ | उत्तिर्ण (ग्रेड प्राप्त प्रतिशत) | ९०.४८ | |

परीक्षाफल हेर्ने तरिका

१. Internet सुविधा भएको कम्प्युटरमा रहेको कुनै पनि Web Browser को Address Bar मा emis.cehrd.gov.np टाइप गरेर Enter Key थिच्नुहोला, विद्यालयको IEMIS Webpage खोल्ने Site देख्नुहुनेछ।
२. Email or School Code बक्समा आफ्नो School को 9 Digit को IEMIS Code टाइप गर्नुहोला।
३. Password बक्समा आफ्नो School को Password टाइप गर्नुहोला।
४. Login बटनमा Click गर्नुहोला, विद्यालयको IEMIS Web Page खुल्नेछ।
५. Manage Exam मा भएको Grade Wise Ledger लाई Select गरी आफ्नो विद्यालयको नाम, शैक्षिक सत्र २०८१ र कक्षा ५ छनौट गरी Load गर्नुहोला।
६. कक्षा ५ को नतिजा सहितको Grade Wise Ledger देखिन्छ र उक्त Grade Wise Ledger लाई Print गर्नुहोला।
७. प्रिन्ट भएको नतिजा विद्यालयको कभर लेटर सहित सूचना पाटीमा टाँस गरी सम्बन्धित विद्यार्थी तथा अभिभावकको जानकारीका लागि सार्वजनिक गर्नुहोला।
८. Grade Sheet का लागि नतिजा प्रकाशन भएको १५ दिन पश्चात शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहोला।

पुनश्च: कक्षा ५ को वार्षिक परीक्षामा सहभागि भई सैद्धान्तिक तर्फ अन्य सबै विषयमा D वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरि **बढिमा कुनै दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने परीक्षार्थीहरुले मौका (पुरक) परीक्षामा** सहभागि हुन पाउनेछन र सम्पुर्ण व्यवस्थापन सहित उक्त परीक्षा **विद्यालयहरुले २०८२ वैशाख २० गतेभित्र आफै सञ्चालन गरि** विद्यार्थीहरुले प्राप्त गरेको अंक शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनुपर्नेछ।

**बोधार्थ :**
**श्री सञ्चार तथा सुचना प्रविधि शाखा: वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।**

२०८१।१२।२९
नरेश अवस्थी
शाखा अधिकृत

"शिक्षा त्यही चिज हो, जसले व्यक्तिलाई आत्मविश्वासी र निस्वार्थी बनाउँछ"

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
# (शिक्षा, युवा तथा खेलकुद शाखा)
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

मिति: २०८१।१२।२९

## आधारभुत तह (कक्षा ८) परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी सूचना !

प्रस्तुत विषय सम्बन्धमा टीकापुर नगरपालिकाको आधारभुत तह (कक्षा ८) को परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१।१२।२९ गते बसेको वैठकको निर्णय अनुसार **शैक्षिक सत्र २०८१ को आधारभुत तह (कक्षा ८) को वार्षिक परीक्षाको परीक्षाफल प्रकाशन गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ । विद्यालयहरुले सो परीक्षाफल तपसिल बमोजिम प्राप्त गरि विद्यार्थीहरु एवम् अभिभावकहरुलाई जानकारीका लागि सार्वजनिक गर्नु गराउनुहुन अनुरोध छ ।

**परीक्षाफलको संक्षिप्त व्यहोरा**

| क्रमसंख्या | विवरण | नियमित तर्फ | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा आवेदन फाराम भर्ने परीक्षार्थी संख्या | १९७२ | |
| २ | सबै विषयमा अनुपस्थित परीक्षार्थी संख्या | ७ | |
| ३ | सबै विषयमा ग्रेड प्राप्त गर्ने परीक्षार्थी संख्या | ९०० | |
| ४ | उत्तिर्ण (ग्रेड प्राप्त प्रतिशत) | ४५.८० | |

**परीक्षाफल हेर्ने तरिका**

१. Internet सुविधा भएको कम्प्युटरमा रहेको कुनै पनि Web Browser को Address Bar मा emis.cehrd.gov.np टाइप गरेर Enter Key थिच्नुहोला, विद्यालयको IEMIS Webpage खोल्ने Site देख्नुहुनेछ ।

२. Email or School Code बक्समा आफ्नो School को 9 Digit को IEMIS Code टाइप गर्नुहोला ।

३. Password बक्समा आफ्नो School को Password टाइप गरि Login बटनमा Click गर्दा विद्यालयको IEMIS Web Page खुल्नेछ ।

४. Manage Exam मा भएको Grade Wise Ledger लाई Select गरी आफ्नो विद्यालयको नाम, शैक्षिक सत्र २०८१ र कक्षा छनौट गरी Load गर्नुहोला ।

५. कक्षा ८ को नतिजा सहितको Grade Wise Ledger देखिन्छ र उक्त Grade Wise Ledger लाई Print गर्नुहोला ।

६. प्रिन्ट भएको नतिजा विद्यालयको कभर लेटर सहित सूचना पाटीमा टाँस गरी सम्बन्धित विद्यार्थी तथा अभिभावकको जानकारीका लागि सार्वजनिक गर्नुहोला ।

७. Grade Sheet का लागि ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशन पश्चात शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहोला ।

**पुनश्चः**

१. कक्षा ८ को परीक्षाफल प्रकाशन पश्चात आफुले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझि पुनर्योग गर्न चाहने परीक्षार्थीहरुले प्रतिविषय रु. १००।०० (एक सय मात्र) का दरले शुल्क बुझाई मिति २०८२ **वैशाख १० गतेसम्म** टीकापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन दिन सकिनेछ ।

२. कक्षा ८ को वार्षिक परीक्षामा सहभागि भई सैद्धान्तिक तर्फ अन्य सबै विषयमा D वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरि **बढिमा कुनै दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने परीक्षार्थीहरुले मौका (पुरक)** परीक्षाको लागि सम्बन्धित विद्यालय मार्फत टीकापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा रु २००।०० (दुई सयः संस्थागत विद्यालयका विद्यार्थीहरुका लागि मात्र) शुल्क र नियमित परीक्षामा सहभागि हुँदा प्रयोग गरेको प्रवेश पत्रको प्रतिलिपि सहित **मिति २०८२ वैशाख १५ गतेसम्म** निवेदन दिन सक्नेछन ।

३. ग्रेड वृद्धि परीक्षाको परीक्षा मिति र परीक्षा केन्द्र सम्बन्धि विवरण पछि प्रकाशित गरिनेछ ।

नोटः- प्रकाशित नतिजामा कुनै त्रुटी भएको पाईएमा कार्यालयको अभिलेख अनुसार सच्याईनेछ ।

**बोधार्थ :**

**श्री सञ्चार तथा सुचना प्रविधि शाखाः नगरपालिकाको वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।**

२०८१।१२।२९
नरेश अवस्थी
शाखा अधिकृत

"शिक्षा त्यही चिज हो, जसले व्यक्तिलाई आत्मविश्वासी र निस्वार्थी बनाउँछ"